जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १६९ पृष्ठः ४ | २०८२ कार्तिक ०७ शुक्रबार (Friday 24 Oct. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मधेश सरकारमा जसपा छठपछि सहभागी हुन्छः सचिव साह

**धीरेन्द्रप्रसाद साह**



जनकपुर, ६ कार्तिक । जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सचिव शैलेन्द्रप्रसाद साहले जसपा नेपाल छठ पर्वपछि मधेश प्रदेश सरकारमा सहभागी हुने बताउनुभएको छ। बिहीबार विशेष भेटमा उहाँले मधेश प्रदेशमा मुख्यमन्त्री जितेन्द्रकुमार सोनलको नेतृत्वमा गठन भएको नयाँ सरकारमा जसपा नेपाल छठ पर्वपछि सहभागी हुने बताउनु भएको हो । प्रदेश सरकारले विश्वासको मत लिएपछि गठबन्धन दलहरूको साझा कार्यक्रमसहित जसपा सरकारमा प्रवेश गर्ने तयारीमा रहेको उहाँले बताउनुभयो। जसपा नेपालका सबै प्रदेशसभा सदस्यहरू सक्षम, अनुभवी र जनउत्तरदायी भएको उहाँले दाबी गर्नुभयो। उहाँले राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको परामर्श अनुसार संसदीय दलले वर्तमान परिस्थिति र जनताको मनोभावना अनुरूप डेलिभरी दिन सक्ने, ईमानदार र योग्य सांसदहरूलाई सरकारमा पठाउने निर्णय लिएको जानकारी दिनुभयो।

जनताको विश्वास जित्दै मधेश प्रदेशलाई सुशासन, विकास र स्थायीतर्फ अघि बढाउने जसपाको उद्देश्य स्पष्ट रहेको उहाँले छठ पर्व सकिएलगत्तै मन्त्री चयन र सरकारमा सहभागिताको अन्तिम प्रक्रिया टुङ्गो लगाउने बताउनुभयो।

## बजारमा तिहारको चहलपहल कायमै



**जनार्जन खत्री**

सर्लाही, ६ कार्तिक। सर्लाहीका हाटबजारमा आज साँझसम्म पनि तिहारको चहलपहल देखिएको छ। तिहारको भाइटीकामा प्रयोग हुने सरसामग्रीको दिनभरी ग्राहकको चहलपहल जारी रहेको हो । जिल्लाको प्रमुख व्यापारिक केन्द्र लालबन्दी बजारमा दिनभर नै मानिसको अत्यधिक चाप देखिएको छ । नवलपुर, हरिवन, बयलवास, बरहथवालगायत अन्य बजारमा पनि बुधबार र बिहीबार दिनभरी तिहारको चहलपहल देखिएको छ । बजारमा भाइमसलासहित फलफूल, कपडा,

–बाँकी तीन पेजमा

## एक युवकको शव फेला

**देवराम यादव**

सप्तरी, ६ कार्तिक। सप्तरीको राजविराज नगरपालिका -१५ देउरी भरुवास्थित एक युवक आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेका छन्। नगरपालिका-१५ देउरी भरुवा देवलाल यादवका छोरा अन्दाजी ३० वर्षीय सञ्जय यादवको शव मङ्गलबार राति घरभित्रै पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

घरायसी झैँझगडाको तनावका कारण सञ्जयले आत्महत्या गरेको अनुमान गरिएको छ। यद्यपि घटनाको वास्तविक कारण पत्ता लगाउन प्रहरीले थप अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी

–बाँकी तीन पेजमा

## संस्कृति जर्गेना गर्न देउसीभैलो खेल्दै दृष्टिविहिन

**जनार्जन खत्री**

सर्लाही, ६ कार्तिक । तिहारको अवसरमा सर्लाही, रौतहट, बारा र महोत्तरीका दृष्टिविहीन मिलेर देउसीभैलो खेलिरहेका छन् । साँस्कृतिक जर्गेना गर्ने मुख्य उद्देश्यसहित दृष्टिविहीनले तीन दिनदेखि देउसीभैलो खेलिरहेका हुन् । नेपाल नेत्रहिन सघ मधेश





प्रदेशको आयोजनामा विभिन्न जिल्लामा देउसीभैलो खेलेर हिंडिरहेको सघका प्रदेश अध्यक्ष लक्ष्मेश्वर महतो कुशवाहाले जानकारी दिनुभयो । साँस्कृतिक जर्गेनासहित शिक्षामा पहुँच, अध्ययन सामग्री उत्पादन, छात्रवृत्ति कोष, आत्मनिर्भर प्रवर्धन र क्षमता विकासका लागि देउसीभैलो खेल्दै हिंडेको महतोले बताउनुभयो । दृष्टिविहिनको समूहले बुधबार साँझ पूर्वपश्चिम राजमार्गस्थित सर्लाहीको लालबन्दी बजारमा देउसीभैलो खेलेको छ।

सिन्धुलीको दुधौली, महोत्तरीको गौरीडाँडा, बर्दिवास, गौशालालगायत स्थानमा देउसीभैलो खेलेर लालबन्दी आइपुगेको नेपाल नेत्रहिन सघ

–बाँकी तीन पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## मधुमेह (डायबिटिज) रोगबाट बचौं ।

**मधुमेहले,**

- शरीरका विभिन्न अंगमा क्षति पुर्‍याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ।

**त्यसैले मधुमेहबाट बच्न,**

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## प्रतिशोध होइन, सहमतिको निर्वाचन

निर्वाचन लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड हो । नागरिकको सहभागिता र जनमतको अभिव्यक्तिबिना जनसत्ता सुदृढ हुन सक्दैन । तर नेपालमा अहिलेको राजनीतिक परिदृश्य हेर्दा आगामी फागुन २१ गते तय गरिएको संघीय संसद् निर्वाचन केवल समयसारिणीमा सीमित हुने खतरा बढ्दै गएको छ निर्वाचन आयोगले रेफ्री' को रूपमा सिटी फुकिसक्दा पनि खेलाडी मैदानमै नउत्रिँदा खेल सुरु नहुने स्पष्ट छ ।

प्रधानमन्त्री सुशीला कार्की अन्तरिम सरकारको नेतृत्व सम्हालेको एक महिना पुगिसक्दा पनि सरकारको गति सुस्त देखिन्छ । उनीसँग अब पाँच महिना मात्रै बाँकी छन् — त्यसमध्ये कम्तीमा चार महिना निर्वाचन आयोगलाई तयारीका लागि चाहिन्छ यस्तो अवस्थामा मन्त्रीहरू अझै भिजिट' र ब्रिफिङ'मै रमाइरहेका छन् भने निर्वाचनको वातावरण कसरी बन्न सक्छ ?

भदौ २३ र २४ का जेन–जी विद्रोहपछि राज्यका तीनै अंग खरानीजस्तै बनेको अवस्थामा प्रधानमन्त्री बनेकी कार्कीले आफ्नो कार्यकालको मूल म्यान्डेट' निर्वाचन सम्पन्न गर्नु हो भन्ने कुरा बुझ्नुपर्नेछ तर व्यवहारमा उनको प्राथमिकता त्यतातिर नपुगेको देखिन्छ । उनले दुई पटक राष्ट्रका नाममा सम्बोधन गर्दै निर्धारित मितिमा निर्वाचन गराउने प्रतिबद्धता जनाएकी थिइन्, तर त्यस प्रतिबद्धतालाई ठोस कार्ययोजनामा रूपान्तरण गर्न सकेकी छैनन्।

निर्वाचन सफल बनाउन सरकार मात्र होइन, राजनीतिक दल, उम्मेदवार, सुरक्षाकर्मी, सञ्चारकर्मी र आम नागरिक सबैको एकसाथ प्रतिबद्धता आवश्यक छ लोकतन्त्रका आधारशिला दलहरूलाई फेरि पनि निर्वाचनको महत्त्व सम्झाइरहनु पर्ने अवस्था हुनु दुर्भाग्य हो। पुराना दलहरूमा बढ्दै गएको संशय मेटाउन, र जेन–जी आन्दोलनपछिका घाउहरूमा मल्हम लगाउन कार्की सरकारले छिटो संवाद र विश्वास निर्माणको वातावरण बनाउनैपर्छ । प्रधानमन्त्रीले प्रतिशोध र इगो' बिसाएर सहमतिको बाटो लिनुपर्छ। जेन–जीहरूले पुराना दलहरूलाई निर्वाचनमा उठ्नै नदिने धम्की दिइरहेका सन्दर्भमा कार्कीले तिनलाई निर्वाचनकै माध्यमबाट जनताको अनुमोदन खोज्न प्रेरित गर्नुपर्छ। विद्रोहले ल्याएको परिवर्तन संस्थागत गर्न जनमतको तागत नै आवश्यक हुन्छ भन्ने कुरा उनले युवा पुस्तालाई बुझाउन जरुरी छ।

निर्वाचनको अर्को ठूलो चुनौती सुरक्षा हो। भदौ २४ को हिंसात्मक प्रदर्शनपछि नेपाल प्रहरीको मनोबल धरापमा परेको छ। ४८६ भन्दा बढी प्रहरी इकाइ ध्वस्त पारिएका छन्, सयौँ हतियार लुटिएका छन् र हजारौँ कैदी अझै फरार छन्। यस्तो अवस्थामा कसरी विश्वसनीय र भयरहित निर्वाचन सम्भव होला? सरकारले तत्काल प्रहरीको संरचना पुनर्निर्माण, हतियार फिर्ता, सवारी साधन र मनोबल पुनःस्थापनामा जोड दिनुपर्छ ।

सुरक्षाका तीन तह—नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाबीच गत हिंसामा देखिएको अविश्वासलाई टुटाएर समन्वयको नयाँ आधार बनाउन आवश्यक छ। निर्वाचनमा सानो गल्तीले पनि हिंसाको पुनरावृत्ति गराउन सक्छ। त्यसैले लोकतन्त्रका लागि निर्वाचन अपरिहार्य छ' भन्ने नारा मात्र होइन, त्यसका लागि सुरक्षित वातावरण पनि सुनिश्चित हुनुपर्छ।

विदेशमा रहेका नेपालीलाई मताधिकार दिने संवैधानिक अधिकार अझै कार्यान्वयन हुन नसक्नु पनि चिन्ताको विषय हो। सर्वोच्च अदालतले सात वर्षअघि निर्देशन दिए पनि कानुनी ढाँचा बनेको छैन । अबको निर्वाचनमा पाइलटका रूपमा केही देशमा मतदानको व्यवस्था गर्न सकिने भए पनि तयारी र स्रोतका अभावमा त्यो व्यावहारिक देखिँदैन । सरकारले यस विषयमा स्पष्ट नीति र समयरेखा सार्वजनिक गर्नुपर्छ।

जेन–जीहरू अहिले आ–आफ्ना एजेन्डासहित विभाजित छन् — कोही संघीयता खारेजको माग गर्छन्, कोही प्रत्यक्ष निर्वाचित कार्यकारीको कुरा गर्छन् । यस्तो बिखण्डनले निर्वाचनमा अवरोध ल्याउन सक्छ। प्रधानमन्त्री कार्कीले यी समूहहरूलाई संवादको एउटै ढाँचामा ल्याएर संविधानसम्मत निर्वाचनको अर्थ र आवश्यकता बुझाउनुपर्छ ।

अन्ततः निर्वाचन केवल मतपेटिकामा मत हाल्ने प्रक्रिया होइन — यो विश्वास, सहमति र भविष्यनिर्माणको कार्य हो । त्यसैले अबको पाँच महिना सरकार र सबै राजनीतिक शक्तिका लागि निर्णायक छ। प्रतिशोधको भावनाभन्दा माथि उठेर, पारदर्शिता, सुरक्षा र संवादको बाटो लिएर मात्र आगामी निर्वाचन जनताको आशा र लोकतन्त्रको पुनर्जीवन बन्न सक्छ ।

# मैले चिनेको शेरबहादुर दाइ र रामकहानी



बिनोद सिजापती

रोलवाला' प्रधानमन्त्री शेरबहादुर देउवा तथा उहाँकी धर्मपत्नी पराराष्ट्रमन्त्री आरजु राणा देउवाको अवस्था करुणादायी भयो भदौ २४ गतेका दिन । हिन्दी सिनेमा 'अमर प्रेम' को प्रसिद्ध गीत घरीघरी मनमा आयो- ए क्या हुआ, कैसे हुआ ।' शेरबहादुर देउवा मेरा निम्ति घनिष्ट दाजु नै हुनुहुन्थ्यो । चार दशक लामो अवधिसम्म उहाँसँग निकट रहेँ । अनि विगत एक दशकदेखि अलि परै रहेर सँगालेका अनुभूतिहरूका आधारमा यो लेख प्रस्तुत गर्दैछु ।

छ दशक पहिले विद्यार्थी आन्दोलनको क्रममा मेरा सहपाठी तथा मित्र मनोज श्रीवास्तवले शेरबहादुर देउवा (शेरबहादुर दाइ) सँग परिचय गराइदिएका थिए । परिचित भएको दिनदेखि उहाँलाई मैले दाइ–तपाईँ भनी सम्बोधन गर्न थालेको हुँ । त्यही दिनदेखि उहाँले पनि बिनोद तँ' भनी सम्बोधन गर्न थाल्नुभएको थियो । मलाई लतारेर विद्यार्थी राजनीतिमा होम्ने मनोज एसएलसी परीक्षा उत्तीर्ण भएपछि कृषि विषय पढ्न (लुधियाना, भारत) गयो । त्यसपछि ऊ विद्यार्थी राजनीतिबाट अलग भयो । मचाहिँ एमए सकेर कृषि आयोजना सेवा केन्द्रमा कार्यरत भएपछि मात्र विद्यार्थी राजनीतिबाट अलगिएको हुँ । शेरबहादुर दाइसँगको गाँसिएको मेरो भाइचाराको सम्बन्धले भने निरन्तरता पाइरह्यो ।

पाँच दशक पहिले कृषि आयोजना सेवा केन्द्र (एप्रोक्स) मा कार्यरत हुँदा पैदल (सडक नभएकाले) सुदूरपश्चिमका जिल्लाहरू कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, डोटी, बझाङ तथा अछामका कुनाकाप्चाको स्थलगत अध्ययन गर्ने अवसर पाएको थिएँ ।पट्यारलाग्दो गरी हिँड्दा बाटोमा फाट्टफुट्ट भेटिने बटुवा, मजदुर तथा अन्तर्वार्ता गर्दाका घरपरिवार सदस्यसँग प्रश्न गर्थें, शेरबहादुर देउवालाई चिन्नुहुन्छ ?' रुवाखोलाका शेरबहादुर हो, तिनलाई त किन नचिन्नु' नभन्नेको संख्या अत्यन्त सानो थियो ।

तीमध्ये अधिकांशले उहाँलाई देखेका भने थिएनन् । त्यस भेगका चर्चित तथा वर्चस्व भएका महापञ्चहरू खड्गबहादुर सिंह, नयनबहादुर स्वाँर, नारायणदत्त भट्ट तथा लोकेन्द्रबहादुर चन्द थिए ।

ती महापञ्चहरूलाई भन्दा बढ्ता शेरबहादुर दाइको प्रशंसा गर्थे । डडेलधुराका राष्ट्रिय पञ्चायत सदस्य कर्णबहादुर भण्डारी तथा डोटीका रापस एवं पूर्वमन्त्री नारायणदत्त भट्टलाई मैले सोधेको थिएँ, "किन शेरबहादुर यति धेरै लोकप्रिय हुनुहुन्छ ?" दुवैले जवाफ दिए, "कसले भन्यो तिनी लोकप्रिय छन् भनेर ?" उक्त उत्तर दिँदा दुवैको हाउभाउले उनीहरूले झुट बोलेका हुन् भन्ने आभास भएको थियो । वास्तवमै त्यस कालखण्डमा त्यस्तो विकट स्थानका नागरिकबीच शेरबहादुर' किन पपुलर' भएका हुन्, थाहा पाउन सकिन ।

विसं २०४८ को आमनिर्वाचनमा पश्चिमाञ्चलमा नेपाली कांग्रेसको वर्चस्व रह्यो । उक्त जितको श्रेय शेरबहादुरलाई दिने गरिन्छ । त्यही कारणले गर्दा तिनलाई गिरिजाप्रसाद कोइरालाले गृहमन्त्रीको पद सुम्पनुभएको थियो ।

संयुक्त राष्ट्रसंघीय शरणार्थी आयोग (युएनएचसीआर) कोलम्बो (श्रीलङ्का) मा कार्यरत रहँदा १० दिनका निम्ति मलाई भूटानबाट निष्कासित शरणार्थीको वस्तुस्थिति अध्ययन गर्न नेपालमा खटाएको थियो । युएनएचसीआरको प्रतिनिधिका साथमा म गृहमन्त्रीसँग भेट गर्न पुगेको थिएँ ।

वर्षौँपछि भेट हुँदा पनि उहाँले पूर्ववत् व्यवहार गर्दै भन्नुभयो – "भोलि बिहान ७ बजे आइज मन्त्री क्वार्टर ।" भोलिपल्ट ७ बजे त्यहाँ पुगेँ । मूल प्रवेशद्वारको कुनामा एउटा टेबलअगाडि बसेर आगन्तुकको नाम टिपाउँदै गरेको युवकलाई भनेँ, "भाइ, मलाई सात बजे आइज भन्नु भएको थियो, खबर गरी दिनुहोस् ।"

तिनले त्यहाँ रहेका भिडतर्फ लक्षित गर्दै भने, "तपाईँलाई जस्तै समय उहाँहरूलाई पनि दिइएको हो ।" गृहमन्त्रीको निवासमा आगन्तुक बस्ने स्थान थिएन । एउटा कुनामा धेरैबेर ढुक्कैँ, कसैलाई पनि बोलावट भएन । फेरि त्यही युवाको नजिक गएर आफ्नो परिचय दिँदै भने, "उहाँले बोलाएको भएर आएको, नभेटी फर्कँदा अपमान हुन्छ, कृपया खबर गरी दिनुहोस् ।"

मेरो आग्रह सुनेनसुने गर्दै तिनी विस्तारै उठेर भित्र गए । केही बेरपछि फर्किएर मलाई "आउनुहोस्" भन्दै माथि एक कोठामा लगे । जतातातै लुगा अलपत्र भएका कोठाको बिछौनामा बस्न इसारा गरे ।

अनायासै मेरो मुखबाट निस्कियो, "यो त उहाँको बेडरुम जस्तो छ नि ।"

तिनले भने, "सुत्ने कोठामा लगेर राख भन्नुभएको छ, यहीं कुर्नुहोस् ।" उक्त कोठामा टेलिभिजन त परै जाओस्, रेडियो पनि थिएन ।

पछि बैंकक खटिएको केही दिनपछि एकाबिहानै कार्यकक्षमा भीमकाय शरीर भएका थाइल्यान्डस्थित युएनएचसीआरका प्रतिनिधि ड्यान कंवे आइपुगे । तिनले भने, "तिम्रो मुलुकका गृहमन्त्री थाई सरकारको आतिथ्यमा यहाँका शरणार्थी शिविरको अध्ययन भ्रमणका लागि आउँदै हुनुहुन्छ । मन्त्रीले क्याम्प भ्रमणमा सहयोगीका रूपमा तिमीलाई खटाइदिन अनुरोध गर्नुभएको रहेछ । त्यसकारण भोलिदेखि उहाँको टोलीसँगै तिमी जानू ।"

मैले बैंककस्थित नेपाली राजदूतावासलाई सम्पर्क गरे । तर, काठमाडौंबाट कुनै खबर आएको रहेनछ ।

बैंकक विमानस्थलमा पुग्दा थाई "इन्टिरियर" (गृह) मन्त्रालयका कर्मचारीले अति विशेष अतिथि कोठामा पुऱ्याए । त्यहाँ नेपाली गृहमन्त्रीको स्वागतका लागि थाई गृह तथा परराष्ट्र मन्त्रालयका उच्च अधिकृतहरूको उपस्थिति थियो । तीमध्ये नेपालका निम्ति थाई राजदूत पनि थिए । काठमाडौं–बैंकक थाई एयरको विमान अवतरण हुँदा मन्त्रीलाई स्वागत गर्न आगमनद्वारतर्फ उनीहरूसँगै लागेँ । एक जना होँचो कदका व्यक्ति पनि गृहमन्त्रीसँगै थिए। उनी मन्त्रीका निजी सचिव रहेछन् । दुवैको हातमा एकेकवटा क्यारी–अन ब्याग' थियो । स्वागत सत्कारको औपचारिकतापछि सबैलाई अति विशेष अतिथि कक्षमा राखियो। त्यहाँ चिसो सिङ बियर तथा बेलायती गोर्डन जिन पनि सर्भ गरियो ।

त्यहाँ निक्कै बेरसम्म कुरेपछि शेरबहादुर दाइले मसँग भन्नुभयो, "सोध्न, यहाँ किन राखेको हो ।" मैले विस्तारै राजदूत महोदयलाई सोधेँ ।

"सबै यात्रुको लगेज आइसक्यो तर अतिथिको भने आएको छैन," तिनले भने । त्यसपछि शेरबहादुर दाइले जवाफ दिनुभयो, "थोरै दिनका निम्ति आएको हुनाले क्यारी–अन लगेजमात्र ल्याएको छु ।" दाइको पहिरन जाडो याममा पहिरिने स्कटिस हयारिस ट्विडको कोट तथा ग्याबर्डिनको प्यान्ट थियो । मैले थाई राजदूतलाई भनेँ – "उहाँले यहीँ लुगा किन्ने भनेर सुटकेस ल्याउनुभएको छैन ।" थाई राजदूतले कूटिल नजरले मलाई हेरेर थाई भाषामा के भने कुन्नि सबै थाईहरू मुस्कुराए ।

हामी विमानस्थलबाट सिँधै सेन्ट्रल डिपार्टमेन्टल स्टोर' गयौँ । त्यहाँ मैले भोलिपल्ट उहाँको थाई मन्त्रीहरूसँग हुने भेटवार्ताका लागि सुट किन्न बाध्य पारे । साँझपख हाम्रो निवासमा उहाँका लागि नेपालबाट फोन आयो । प्रधानमन्त्रीले ठूलो संख्यामा कर्मचारीको पजनी गर्नुभएको रहेछ । उक्त पजनीमा गृहसचिव पनि परेछन् । आफूलाई एक वचन नसोधी प्रधानमन्त्रीले आफ्नै सचिव बदली गरेकामा उहाँ अत्यन्त रुष्ट हुनुभयो ।

सुत्ने बेलामा भन्नुभयो, "पख, नेपाल पुगेपछि मौका मिल्दा म संसदीय नेतामा खडा हुन्छु ।"

झोंकमै किन नहोस्, उहाँको मुखबाट निस्केको उक्त वाक्य सुनेपछि लाग्यो, दाइ त मैले सोचेभन्दा धेरै महत्त्वकांक्षी भइसक्नुभएको रहेछ ।' एक दिन बेलुकी खाना खाने समयमा ज्ञानु ( मेरी अर्धाङ्गिनी) ले फर्कँदा कर्मचारीका श्रीमतीहरूलाई थाई सारी लगिदिनुपर्छ भनी देउवासँग जिद्दी गर्न थालिन् ।

दाइले सुरुमा भन्नुभयो, "जरुरत छैन ।" पछि भन्नुभयो, "ल, त ल, ल्याइदिनुहोस् ।" ज्ञानुले मन खोलेर सुपथ मूल्यका ड्ढ्ढर साडी ल्याइदिइन् । नेपाल फर्कने दिन दाइले मसँग भन्नुभयो, दुई हजार डलर सापट दे ।''

मसँग त्यति पैसा थिएन । अचम्मित हुँदै सोधेँ – "के का लागि ?"

उहाँले भन्नुभयो, "तैले किनिदिनु बेग्लै हो, बैनीले त्यत्रो खरिद गरी दिएकी छे, मैले त उहाँलाई तिर्नुपर्‍यो नि ।"

अर्को प्रसंग शेरबहादुर दाइ पहिलोपटक प्रधानमन्त्री पदबाट बाहिरिएपछि उहाँको थापाथलीस्थित (भाडाको) निवासमा सपरिवार बेलुकीको खाना खान निम्तो दिनुभयो ।

उहाँको लवाइखवाइमात्र होइन, कोठाचोटाको सरसफाइ पनि लोभलाग्दो भइसकेको रहेछ । गफिँदै मैले प्रश्न गरेँ, "दाइ, तपाईँको आर्थिक अवस्था कस्तो छ ?" उहाँले भन्नुभयो, "हेर, मैले घुस खाएको छैन । केही मित्रहरूले सहयोग हुन्छ भनेर पैसा दिन्छन्, त्यो एउटा खल्तीमा हाल्छु, अर्को खल्तीबाट झिकेर बाँडिदिन्छु । मसँग पैसा भने छैन ।"

तत्काले भाउजु आरजु राणाले सिकायतको शैलीमा भन्नुभयो, "बुढानीलकण्ठमा बल्ल घर बनाउँदै छौँ, उहाँले त्यो जग्गा हेर्नु त परै जाओस् घरको नक्सा पनि हेर्नुभएको छैन ।"

दाइलाई मैले बिस्तारै सोधेँ — "किन यस्तो गर्नुभयो ?" उहाँले भन्नुभयो, "उसको बुबाले पाँच रोपनी जग्गा बक्सेको छ, उसैको कमाइले घर निर्माण गर्ने योजना बनाएकी छे। त्यो घरमा मेरो केही छैन, म कसरी त्यो हेर्न जाऊँ ?"

राजीनामा माग्दै पद जाने धम्की त्यही साँझ आफ्नो पद गुमेको वास्तविकता खुलाउँदै दाइले रोचक घटना सुनाउनुभयो । पूर्वपञ्चहरूको राष्ट्रिय प्रजातन्त्र पार्टी तथा सद्भावना पार्टीसँग मिलेर उहाँले जम्बो मन्त्रिपरिषद् गठन गर्नुभएको थियो। कृषि मन्त्री थिए राप्रपाका एक वरिष्ठ नेता ।

तिनले रासायनिक मल खरिदका क्रममा छ करोड रुपैयाँ कमिसन बजाएको अभियोग लागेको थियो। संसद्मा उक्त विषयलाई लिएर हल्ला भयो सरकारको कडा आलोचना हुन थाल्यो । पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीलाई कृषि मन्त्रीलाई तुरुन्तै निष्कासन गर्न दबाब दिनुभयो ।

उहाँले कृषि मन्त्रीसँग भन्नुभएको रहेछ – "मले दबाब थेग्न सकिन, अब तपाईँले राजीनामा दिनुपर्‍यो ।" प्रत्युत्तरमा मन्त्रीले भने, "ठीक छ,

–बाँकी तीन पेजमा

## मैले चिनेका...

प्रधानमन्त्रीले नै राजीनामा मागेपछि दिन्छु। तर याद गर्नुहोस्, तपाईं एक सातासम्म पनि प्रधानमन्त्री पदमा बसिरहन पाउनुहुन्न।"

आफ्नो पैसा आफैँविरुद्ध प्रयोग

विसं २०५३ फागुनमा संसद्मा विश्वासको प्रस्तावमाथि छलफल हुँदै थियो । कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले उहाँलाई बोलाउँदै भने, "मलाई भोलिसम्म तिमीले रु २२ लाख दिनुपर्‍यो।"

उक्त आज्ञापालनाको विकल्प थिएन देउवासँग । केही दिनपछि संसद्मा विश्वासको प्रस्तावमाथि मतदान हुँदै गर्दा कांग्रेस दुई सांसद नै उपस्थित भएनन् । संसद्मा विश्वासको मत लिन नसकेपछि उहाँले राजीनामा दिनुपर्‍यो । पछिमात्र थाहा पाउनुभयो रे पार्टी सभापतिलाई बुझाइएको उक्त २२ लाख रुपैयाँ त अनुपस्थित हुन तिनै दुई संसद् सदस्यहरूलाई नै दिइएको रहेछ।

एकपटक मैले उहाँलाई भ्रष्टाचार निवारण' अभियान सञ्चालन गर्न सुझाएको थिएँ । उहाँले भन्नुभयो, "भगवानलाई भाका लगाउने प्रचलन भनेको के हो ? देवीदेवतासँग हामी भन्छौं, प्रभु, मेरो यो त्यो कार्य गरिदिनुहोस्, कार्य फत्ते हुँदा पञ्चबलि चढाउँछु । भगवानलाई नै घुस दिनुपर्ने राष्ट्रमा मैले कहाँबाट भ्रष्टाचार निवारण अभियान सञ्चालन गर्ने ?"

ब्रिटिस इतिहासकार लर्ड एक्टनको भनाइ, "शक्तिले भ्रष्टाचार निम्त्याउँछ, धेरै शक्तिले धेरै भ्रष्टाचार", शेरबहादुर देउवाका निम्ति पनि लागु हुन्छ । उहाँले पाँचपटक प्रधानमन्त्री पदमा आसीन भएर शासनको नेतृत्व गर्नुभयो । विडम्बना, उहाँको प्रयास पटकपटक प्रधानमन्त्री बन्नेमा नै सीमित रह्यो। उक्त पद प्राप्त गरेपछि "के गर्ने ?" भन्ने विषयले महत्त्व पाएन।

त्यहीकारण संसद्मा सबैभन्दा ठूलो संसदीय दलको नेता हुँदाहुँदै पनि प्रचण्ड तथा खड्गप्रसाद ओलीसँग सौदाबाजी (तमसुक) गर्नुभयो, "उनीहरू पछि आफू प्रधानमन्त्री हुने।"

यो प्रक्रियामा उहाँले धेरै गुमाउनुभयो। देशको नेता हुने हैसियत त्यागेर सीमित मुनाफाखोर व्यापारीको प्रिय पात्रमा परिणत हुनुभयो । हेक्का होस्, युवाकालमा पञ्चायती शासनका कट्टर विरोधी भएको हुनाले नै उहाँलाई सर्वसाधारणले सम्मानका दृष्टिले हेर्थे । उहाँको आचरणबाट कृष्णप्रसाददेखि विश्वेश्वरप्रसाद कोइरालासम्म सबै प्रभावित थिए। जेलमा हुँदा उहाँको बानी व्यवहारको प्रशंसा धेरैले गर्थे । शेरबहादुर दाइले जेलमा हुँदा देखाउने शालीनताको राधाकृष्ण मैनालीदेखि विरेन्द्रभक्त श्रेष्ठसम्मले मुक्तकण्ठले प्रशंसा गरेका छन् उनीहरूकै लिखित जीवनीमा पनि।

सत्तासीन हुँदा, विशेषतः गृहमन्त्री हुँदा उहाँका कार्यको प्रशंसा गर्ने थुप्रै थिए । सत्ता प्राप्तिको लोभमा चुर्लुम्म डुब्दा प्रचण्ड तथा ओलीलाई समेत विश्वास गर्नुभयो । कांग्रेसजनलाई हँसियाहथौडामा भोट हाल्न निर्देशन दिनुभयो।

अनि अन्त्यमा "म बाँचिरहुन्जेल शेरबहादुरलाई प्रधानमन्त्री हुन दिन्न" भनी घोषणा गर्ने खड्गप्रसादलाई सुनको थालमा सत्ता सुम्पिएर छैटौं पटक प्रधानमन्त्री हुने दिवास्वप्नमा रहनुभयो।

## बजारमा तिहारको...

खाद्यान्न, फूल, फूलका मालालगायतमा राम्रो व्यापार भएको व्यापारीहरूको भनाइ छ। कोसेलीको रूपमा समेत प्रयोग गरिने भएकाले फलफूलको अत्यधिक कारोबार भइरहेको छ। ग्रामीण तथा सहरी सबै क्षेत्रमा तिहारको चहलपहल छ । झिलिमिली बत्ती र मैनबत्ती जताततै बालिएकाले उज्यालोमय बनेको छ। तिहारका लागि धेरै मानिस घरगाउँ आएकाले चहलपहल बढेको छ।

## एक युवकका...

कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो।

घटनास्थलमा प्रहरी टोली पुगेर मुचुल्का उठाइ शव पोस्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## संस्कृति जर्गेना...

मधेश प्रदेशकी कोषाध्यक्ष अन्जु धितालले जानकारी दिनुभयो । "तिहारमा हामीले वर्षेनि यसरी देउसीभैलो खेल्ने गरेका छौं," धितालले भन्नुभयो, "संस्कृतिको जर्गेना गर्ने नै मुख्य उद्देश्य हो।"

धितालका अनुसार देउसीभैलामा सर्लाही, महोत्तरी, रौतहट र बाराका विभिन्न विद्यालयमा अध्यापन गराउने दृष्टिविहीन शिक्षक, दृष्टिविहीनको साँस्कृतिक टोलीलगायत सामेल छन् । आफै देउसी भट्याउने, गीत गाउने गर्दै अघि बढिरहेको दृष्टिविहीनको देउसीभैलोमा स्थानीय वासिन्दा, व्यवसायी, बटुवालगायतले आर्थिक सहयोग गरिरहेका छन्।

तिहारमा सबै पक्षको साथ सहयोगले वर्षेनी यसैगरी देउसीभैलो खेल्ने गरिएको नेपाल नेत्रहिन सघ मधेश प्रदेशका साधारण सदस्य शिवेन्द्र यादवले बताउनुभयो। "कतैकतै मात्र सहयोग हुँदैन तर हामी दृष्टिविहीनलाई सबैतिर स्थानीय, व्यवसायी, अगुवा, युवा, पत्रकारलगायत सबैले साथ सहयोग गर्नुभएको छ।"

# आपराधिक मुद्दाका फरार अभियुक्त पक्राउ

धीरेन्द्रप्रसाद साह



राजविराज, ६ कार्तिक । सप्तरी प्रहरीले ठगी तथा आपराधिक विश्वासघात मुद्दामा फरार रहेकामध्ये एक जनालाई पक्राउ गरेको छ। सप्तरी प्रहरीका अनुसार मायादेवी यादवको जाहेरीका आधारमा वादी नेपाल सरकार प्रतिवादी नवज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष नर्सिंह यादवसहितविरुद्ध ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी मुद्दा दर्ता भएको थियो। उक्त मुद्दामा निज प्रतिवादीलाई पक्राउ गरी अदालतमा पेश गर्न जिल्ला अदालत सप्तरीले गत साल भदौ ७ गते अनुमति दिएको थियो।

उक्त अनुमतिअनुसार फरार रहेका प्रतिवादीको खोजतलास गर्ने क्रममा प्रहरीले एक जनालाई पक्राउ गर्न सफल भएको हो। पक्राउ परेका व्यक्ति सप्तरी जिल्लाको रूपनी गाउँपालिका–४ निवासी ३३ वर्षीया लक्ष्मीकुमारी यादव रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी अधिकृत प्रहरी निरीक्षक प्रमोदकुमार साहले बताउनुभयो। उहाँका अनुसार लक्ष्मीलाई राजविराज नगरपालिका–८ स्थित उक्त सहकारी संस्थाको अगाडिको सार्वजनिक सडकबाट पक्राउ गरिएको हो। उनलाई सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो। प्रहरी निरीक्षक साहका अनुसार पक्राउ परेका प्रतिवादीमाथि आवश्यक अनुसन्धान अघि बढाइएको छ । मुद्दामा संलग्न अन्य फरार अभियुक्तहरूको खोजी कार्य तीव्र रूपमा जारी रहेको छ।

# गाई भैँसी, कृषक र संस्कारको पर्व हुराहुररी खेलाइयो

राजविराज, ६ कार्तिक। सप्तरीका गाईवस्तु पालक कृषकले गाईवस्तुलाई खेलाउने खेल हुराहुररीलाई जीवन्तता दिएको छ । पछिल्लो समय एकअर्काको गाई, गोरु, भैँसी गोबर्धन पूजाका दिन अपराह्न सार्वजनिक खुला चौरमा खेलाउने यो खेलप्रति कृषकको चाँसो र संस्कृतिलाई संरक्षण गर्न तथा पुस्तान्तरण गराउन पनि खेलाएको हो। गोबर, गाई, धूप र ढोलको गन्ध मिसिएको वातावरणमा गाउँले कृषकहरू वर्षको सबैभन्दा रमाइलो पर्वमध्ये एक "गोवर्धन पूजा" मनाउँदै आएका छन्।



यस दिन बिहान गाईबस्तुलाई नुहाइधुवाइ गरेर गोठ सफा गरी तेल, मरिच, काउँवा, हल्दी र अन्य परिकार खुवाएर गाईबस्तुलाई रङ्गीचङ्गी सजाउँने गरेको फर्सैठका कृषक देवनारायण यादवले जानकारी दिनुभयो। नयाँ डोरी, गर्दामी र घुघुर (घण्टी) लगाएर रङ्गीचङ्गी बनाइएका गाईगोरुहरूलाई देवताको स्वरूप नै मानेर पूजा गरिन्छ, उहाँले भन्नुभयो।

गोबर्धन पूजाका दिन गोठमा गोबरको "गोवर्धन पर्वत" बनाएर महिलाहरू विधिपूर्वक पूजा गरेपछि गाई, गोरु, भैंसीलाई हुराहुररी खेल लगिने गरेको अर्का किसान भोला यादवले जानकारी दिनुभयो।

मध्यान्हतिर गाउँकै सार्वजनिक चौरमा बस्तीका सबै कृषकहरू आफ्नो गाई–भैँसी लिएर भेला हुन्छन्। त्यहाँ प्रतिस्पर्धा सुरु हुन्छ, गाई–भैँसीको भिडन्त । जितेको जनावरका मालिकलाई स्थानीय पुरस्कृत पनि गर्छन् । सप्तरीका कृषक योगेन्द्रप्रसाद साह भन्छन्, "यो परम्परा हाम्रो पुर्खाले सुरु गरेको हो, यसले गाईबस्तुको शक्ति र गर्व देखाउँछ।"

सबैभन्दा रोचक र अनौठो दृश्य भने "भैँसी र सुँगुर" बिचको परम्परागत खेल हो। सुँगुरको पाठोलाई डोरीमा बाँधेर भैँसी अगाडि राखिन्छ। जब भैँसी उत्तेजित हुन्छ, त्यो सुँगुरतर्फ दौडिन्छ र सिंहले हिर्काएर आक्रमण गर्न खोज्छ। जसको भैँसीले सुँगुरलाई परास्त गर्छ, त्यो किसानलाई विशेष पुरस्कार दिइन्छ। यो दृश्य हेर्दा गाउँका बालबालिका, वृद्ध र महिलासम्म चिच्याउँदै उत्साहित हुन्छन्।

हुराहुररी जनावरको मात्र होइन, कृषक बलको पनि परीक्षा हुन्छ। युवाहरू बिच कुस्ती प्रतियोगिता आयोजना गरिन्छ। धुलोले ढाकिएको चौरमा कुस्ती खेल्ने युवाहरूलाई गाउँका वृद्धहरूले टपरी हल्लाएर उत्साह दिँदै जोर जोरले कराउँदै भन्छन् "ल ल, साहस देखा नाति, गाउँको इज्जत तेरै काँधमा छ।"

गोवर्धन पूजा धार्मिक विधि मात्र होइन, यसले कृषक जीवन, पशुपालन र प्रकृतिप्रतिको कृतज्ञता प्रकट गर्छ। गोबर, गाई र माटोको पूजा गरेर गाउँलेहरू प्रकृतिसँग सन्तुलनमा बस्ने सन्देश दिने गरेको पण्डित बद्रीनारायण झा भन्छन्, "गोवर्धन पूजा हाम्रो संस्कार हो । यो भगवानको आराधना मात्र होइन, हाम्रो श्रम, माटो र पशुप्रतिको सम्मान हो।"

# विश्व हिउँचितुवा दिवस : बासस्थान ह्रास र आहारा प्रजाति कमीको चुनौती

काठमाडौँ, ६ कार्तिक । विश्वकै दुर्लभ हिउँचितुवाको संरक्षणका निम्ति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित २३ अक्टोबरमा अन्तर्राष्ट्रिय हिउँचितुवा दिवस मनाइन्छ।



मौन संरक्षकहरूको सुरक्षा गर्दै' नाराका साथ यस वर्षको हिउँचितुवा दिवस विश्वभर मनाइएको छ । नेपालसहित विश्वका १२ देशमा मात्र पाइने हिउँचितुवा स्वच्छ हिमाली पर्यावरणको सूचक मानिन्छ । हिउँचितुवा नेपाल, अफगानिस्तान, भुटान, चीन, काजकिस्तान, किर्गिस्तान, भारत, मङ्गोलिया, रसिया, पाकिस्तान, ताजकिस्तान र उज्वेकिस्तानमा पाइन्छ । वन तथा वातावरण मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार नेपालमा हिउँचितुवाको सङ्ख्या ३९७ रहेको छ । विश्वको कूल दुई प्रतिशत हिउँचितुवाको बासस्थान रहेको नेपालमा १० प्रतिशत हिउँचितुवा भेटिएको छ।

नेपालका उच्च हिमाली क्षेत्रको ३० हजार ५०० वर्गकिमी क्षेत्रफलमा यसको बासस्थान रहेको छ । विश्वमा हाल चार हजारदेखि सात हजारको सङ्ख्यामा हिउँचितुवा रहेको अनुमान छ। पछिल्लो समय नेपालसँगै भारत, मङ्गोलिया र भुटानले प्रविधि, अनुसन्धान तथा तथ्याङ्क विश्लेषण गरी हिउँचितुवाको नयाँ र आधिकारिक तथ्याङ्क सार्वजनिक गर्दै आएका छन्।

तथ्याङ्कअनुसार चीनमा दुई हजार ५००, मङ्गोलियामा ९५३, भारतमा ७१८, नेपालमा ३९७ र भुटानमा १३४ हिउँचितुवा रहेका छन्।

हिउँचितुवा संरक्षणमा देखिएका आन्तरिक चुनौतीमा बासस्थानको ह्रास र आहारका लागि शिकार प्रजातिको कमी होभने बाह्य चुनौतीमा चोरीशिकारी र गैर कानुनी व्यापार हो। यसका साथै हिउँ चितुवासँग हुने द्वन्द्व घटाउन स्थानीयलाई सचेत गराउने र समयमा उचित क्षतिपूर्ति दिने व्यवस्था गर्नुपर्ने यस क्षेत्रका विज्ञहरु बताउँछन्।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा बुद्धिसागर पौडेलले पछिल्लो समय बासस्थानको गुणस्तर र आहारा प्रजातिमा कमी आउनु नै

–बाँकी अन्तिम पेजमा

## *विश्व हिउँचितुवा...*

हिउँचितुवाको संरक्षणको मुख्य चुनौती रहेको बताए।

जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा बढी असर पुऱ्याएको र यसको प्रभावले हिउँचितुवाको बासस्थानमा ह्रास आएको उनले बताए । बासस्थानमा आएको ह्रासले यसको आहारा प्रजातिमा कमी आएको देखिन्छ।

"यसबाहेक द्वन्द्वका कारण बद्लावको भावनाले कहिलेकाहीँ स्थानीयले पासो थाप्ने, आहारामा विष मिसाउने गरेको तथा भौगोलिक कठिनाइ, उचित प्रविधि, जनशक्ति र बजेटको कमीका कारण प्रभावकारी अनुगमन गर्न नसक्नुलगायत चुनौती पनि छन्", महानिर्देशक डा पौडेलले भने।

हिउँचितुवा सामान्यतया समुद्री सतहबाट ५४० देखि पाँच हजार मिटर उचाइमा पाइन्छ । हिउँचितुवालाई आइयुसिएनले रातो सूचीमा विश्वव्यापी जोखिमको रूपमा सूचीबद्ध गरेको छ । हिउँचितुवा उच्च हिमाली क्षेत्रको स्वास्थ्य परिस्थितिकीय प्रणालीको महत्वपूर्ण हिस्सा हो । यसलाई हिमालकी रानी पनि भनिन्छ । हिउँचितुवा लजालु प्रकृतिको हुन्छ। त्यसैले यसलाई भेट्न गाह्रो हुन्छ।

राष्ट्रिय प्रकृति संरक्षण कोषले मन्त्रालयसँगको समन्वयमा हिउँचितुवासँग स्थानीयको द्वन्द्व घटाउन विभिन्न कार्यक्रम गर्दै आएको जनाएको छ । हिउँचितुवाबाट स्थानीयका भेडा, बाख्रा र च्याङ्ग्रा जोगाउन सुरक्षित खोर बनाउने कार्यक्रममा सहयोग गर्दै आएको कोषका सदस्य सचिव डा नरेश सुवेदीले जानकारी दिए।

"यस बाहेक मनाङमा हिउँचितुवाको संरक्षणका लागि समुदायमा आधारित संरक्षण कार्यक्रम गर्दै आएका छौँ, मनास्लु, गौरीशङ्कर र अन्नपूर्ण संरक्षण क्षेत्रमा क्यामेरा ट्र्यापमार्फत अनुगमन गर्दै आएका छौँ", उनले भने।

वन मन्त्रालयले हिउँचितुवाको संरक्षणलाई प्राथमिकतामा राखेर हिउँचितुवा संरक्षण र कार्ययोजना (२०२४-२०३०)' तयार गरी कार्यान्वयनमा ल्याएको छ।

हिउँचितुवा सामान्यतया समुद्री सतहबाट ५४० देखि पाँच हजार मिटर उचाइमा पाइन्छ । तथ्याङ्कअनुसार नेपालको पूर्वको तुलनामा पश्चिममा बढी सङ्ख्यामा हिउँचितुवा छन् । यस लोपोन्मुख प्रजातिको चोरी सिकार तथा बेचबिखनलाई नियन्त्रण गर्नुपर्नेमा सरोकारवाला विज्ञको भनाइ छ।

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले डब्लुडब्लुएफले मन्त्रालयसँगको समन्वयमा हिउँचितुवाको संरक्षणका लागि बासस्थानमा क्यामेरामार्फत अनुगमन, समुदायको संलग्नतामार्फत द्वन्द्व कम गर्नेलगायत विभिन्न काम गर्दै आएको बताए । "यसबाहेक हिउँचितुवा संरक्षणका लागि सीमापार, क्षेत्रीय, अन्तर्राष्ट्रिय समन्वय र सहयोगमा आवश्यक कार्यक्रम, बैठक, अन्तरक्रिया गर्दै आएका छौँ", उनले भने।

हिउँचितुवा ठूला बिराला प्रजातिहरूमध्ये सबैभन्दा कम अध्ययन गरिएको क्षेत्रमध्ये पर्दछ। विश्व वन्यजन्तु कोषको सन् २०२१ को एक प्रकाशनअनुसार उक्त समयसम्म हिउँचितुवाको विश्वव्यापी क्षेत्रको लगभग २३ प्रतिशत मात्र व्यवस्थित रूपमा अध्ययन गरिएको छ । तीन प्रतिशतभन्दा कममा मात्र सङ्ख्यासम्बन्धी अनुभवजन्य तथ्याङ्क उपलब्ध छन् । नेपालको कञ्चनजङ्घामा देखिएको हिउँचितुवा आहारको खोजीमा भारत हुँदै भुटानसम्म पुगेको मन्त्रालयको तथ्याङ्क छ । तसर्थ यसको संरक्षणका लागि कुनै एक देशको प्रयास मात्र सम्भव नहुने भएकाले द्विपक्षीय तथा अन्तर्राष्ट्रिय समन्वय र सहकार्य आवश्यक छ।

# हातमा देखिने यी ५ परिवर्तनहरूलाई बेवास्ता नगर्नुहोस्, कलेजो बिग्रेको सङ्केत हुनसक्छ



काठमाडौँ, ६ कार्तिक। हाम्रो शरीरले भित्री अङ्गहरूमा भइरहेका कुनै पनि समस्याबारे बाहिरी सङ्केतहरूको माध्यमबाट हामीलाई जानकारी दिने प्रयास गर्छ। त्यसैगरी, यदि कलेजोमा कुनै समस्या उत्पन्न हुन थाल्यो भने, शरीरमा केही विशेष सङ्केतहरू देखिन्छन्, खासगरी हातहरूमा।

हातमा देखिने यी परिवर्तनहरूमा समयमै ध्यान दिइएमा कलेजोको समस्या समयमै पत्ता लगाउन सकिन्छ र थप क्षति हुनबाट रोक्न सकिन्छ। कलेजोमा क्षति सुरु हुँदा हातहरूमा कस्ता सङ्केतहरू देखिन्छन्, जान्नुहोसः

**१. हत्केला रातो हुनु (पाल्मर एरिथिमा)**

यदि तपाईंका हत्केलाहरू, विशेषगरी बूढी औँला र सानो औँला मुनिको भाग, कुनै स्पष्ट कारणबिना रातो भइरहेका छन् भने यो चिन्ताको विषय हुनसक्छ। यस अवस्थालाई पाल्मर एरिथिमा' भनिन्छ। यो रातोपन दबाउँदा क्षणिक रूपमा हराउँछ र फेरि तुरुन्तै फर्किन्छ। यो समस्या कलेजोको सिरोसिस वा हेपाटाइटिस जस्ता रोगहरूमा हर्मोनहरू ठीकसँग मेटाबोलाइज हुन नसक्दा रक्तनलीहरू फैलिने कारणले हुन्छ र हत्केलाहरू रातो देखिन्छन्।

**२. टेरिज नेल्स**

यस अवस्थामा, नङको लगभग सम्पूर्ण भाग सेतो वा फिक्का देखिन्छ, जबकि नङको टुप्पो गाढा वा रातो-खैरो हुन्छ। यस्तो देखिन्छ मानौँ नङमा सेतो पोलिस लगाइएको छ। यो नङमा प्रोटिनको कमी र रक्तसञ्चारमा आएको परिवर्तनका कारण हुन्छ, जुन प्रायः कलेजो सिरोसिस, कलेजो फेलियर वा हेपाटिक स्टीटोसिस (कलेजोमा बोसो जम्नु) सँग जोडिएको हुन्छ।

३. नङहरूको घुमाउरोपन (Nail Clubbing)

यसमा नङको आकार परिवर्तन हुन्छ। औँलाका टुप्पाहरू गोलो र फुल्लिएका देखिन्छन् र नङहरू माथिपट्टि फर्केर चम्चाजस्तो आकार लिन्छन् । यो समस्या कलेजोका गम्भीर रोगहरूका साथै फोक्सो र मुटुका रोगहरूमा पनि देखिन सक्छ। कलेजोमा खराबी आउँदा शरीरमा अक्सिजनको प्रवाह राम्रोसँग हुन पाउँदैन, जसले गर्दा यो लक्षण उत्पन्न हुनसक्छ।

**४. हत्केलामा चिलाउने**

कुनै डाबर वा एलर्जी बिना नै हत्केलामा निरन्तर चिलाउने भइरहनु कलेजोमा क्षतिको महत्त्वपूर्ण सङ्केत हुनसक्छ। जब कलेजोले राम्ररी काम गर्न सक्दैन, तब पित्तको बहावमा अवरोध आउँछ। यसले गर्दा पित्त शरीरको रगतमा जम्मा हुन्छ र छालामा गएर गम्भीर चिलाउने पैदा गर्छ। यो चिलाउने प्रायः रातिको समयमा अझ बढ्छ।

५. हत्केलाको तन्तु बाक्लो हुनु (Dupuytren's Contracture)

यस स्थितिमा हत्केलाको छाला मुनिको तन्तु बाक्लो र कडा हुन थाल्छ। बिस्तारै, यी तन्तुहरू खुम्चिँदै जान्छन्, जसले गर्दा औँलाहरू भित्रतिर मोडिन थाल्छन् र सिधा पार्न गाह्रो हुन्छ। यो कलेजो सिरोसिसको, विशेषगरी अत्यधिक मदिरा सेवनसँग सम्बन्धित सिरोसिसको, एउटा सामान्य लक्षण हो। यो कुरा बुझ्नु महत्त्वपूर्ण छ कि यी सङ्केतहरू अन्य कारणले पनि देखा पर्न सक्छन्, त्यसैले तुरुन्तै आत्तिनु हुँदैन। तर यदि तपाईंका हातहरूमा माथि उल्लेखित कुनै पनि लक्षण लगातार देखिएमा, तिनलाई बेवास्ता नगरी तत्काल चिकित्सकसँग सल्लाह लिनु आवश्यक छ।

(यस लेखमा उल्लेख गरिएका सल्लाह र सुझावहरू केवल सामान्य जानकारीको उद्देश्यका लागि मात्र हुन् र यसलाई व्यावसायिक चिकित्सा सल्लाहको रूपमा लिनु हुँदैन। कुनै पनि प्रश्न वा समस्या भएमा सधैँ आफ्नो डाक्टरसँग सल्लाह लिनुपर्छ।)

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।



मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मिर्चैया, सिरहा
मधेश प्रदेश, नेपाल



नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

स्क्रब टाइफस (Scrub Typhus)

स्कब टाइफस एक किसिमको सरुवा रोग हो । यो रोग लाग्ने किर्नां जस्तो देखिने किरा (माइट) को टोकाइबाट मानिसमा सर्दछ । यो रोग माइटमा पाइने ओरेन्सिया सुसुगामुसी (Orentia Tutsugamushi) भन्ने जिवाणुबाट लाग्दछ । माइट प्राय : जस्तो झाडी, खेतवारी, वनजंगल, घर वरिपरिको झाडी वा घुरान हुने ठाँउमा देखिने गर्दछ ।



स्कब टाइफस कसरी सर्छ ?

मुसामा लाग्ने किर्ना जस्तो देखिने किरा (माइट)को टोकाइबाट मानिसमा सर्दछ । यो रोग मानिसबाट मानिसमा सर्दैन ।

स्कब टाइफसका लक्षणहरु

- धेरै ज्वरो आउनु (काम ज्वरो समेत आउन सक्छ)
- धेरै टाउको दुख्नु
- पसिना धेरै आउनु
- आँखा रातो हुनु
- झाडापखाला लाग्नु
- किराले (माईट) टोकेको ठाउँमा रातो डाबर जस्तो दाग देखिनु र पछि गएर कालो दाग बस्नु



स्कब टाइफसबाट बच्ने उपायहरु के-के हुन् ?

- खेतवारीमा काम गर्दा वनजंगल /झाडीमा जाँदा वा घाँस काट्न जाँदा पुरा शरीर ढाकिने कपडा लगाउने साथै सम्भव भुइं सम्म बुट लगाउने
- घाँसवारी वा चउरमा बस्दा गुन्द्री वा दरी ओछ्याएर बस्ने
- सम्भव भएसम्म भुईंमा नबस्ने । खाटमा वा अग्लो स्थानमा सुत्ने/बस्ने
- सकेसम्म घाँसवारी र चउरमा नबस्ने
- चउरमा,वारी ,झाडी,घाँस तथा धुरान बढ्न नदिने
- मुसा नियन्त्रणको लागि उपयुक्त किसिमले अन्न भण्डार गर्ने तथा मुसाको बृद्धि विकास नहुने वातावरणको सृजना गर्ने ।

स्क्रब टाइफस लागेको शंका लागेमा उपचारको लागि तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लैजानु पर्छ । औषधी सेवनपछि यो रोग निको हुन्छ ।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)